# सिद्धार्थनगर नगरपालिका कार्यालय
सिद्धार्थनगर, रुपन्देही

प.सं. २०६९।०७०　　　　　　　　　　　　　　मिति : २०६९।०४।०१
च.नं.

विषय: आ.ले प. प्रतिवेदन पेश गरेको ।

श्रीमान कार्यकारी अधिकृत ज्यू
सिद्धार्थनगर नगरपालिका कार्यालय
सिद्धार्थनगर ।

उपरोक्त बिषय यस कार्यालयको पत्रानुसार आर्थिक बर्ष २०६८।०६९ को आ.ले.प. गर्न मलाई जिम्मेवारी दिईएकोमा उक्त आ.ब. को आ.ले.प. सम्पन्न गरी सो को प्रतिवेदन पाना थान ४ (चार) यसै साथ संलग्न राखी पेश गरेका छु ।

सिद्धार्थनगर नगर पालिका
सिद्धार्थनगर
दर्ता नं. ११६
मिति २०६९/४/८

विबेक कुमार खनाल
वरिष्ठ अधिकृत

F:\NEW OFF.LETTER 2068.69\Nepali letter-2068.69.doc

# सिद्धार्थनगर नगरपालिकाको
# आ.व. २०६८।०६९ को आन्तरीक लेखापरीक्षण प्रतिवेदन

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३५ (१) र स्थानीय निकाय (आ.प्र) नियमावली २०५६ को नियम ३० मा व्यवस्था भए अनुसार यस सिद्धार्थनगर नगरपालिका कार्यालयमा छुटै आन्तरीक लेखापरीक्षण शाखाको व्यवस्था भई नसकेको अवस्थमा मलाई आ.व. २०६८।०६९ को आय-व्ययको आन्तरीक लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्न तोकिएकोमा सो बमोजिम लेखापरिक्षण सम्पन्न गरी प्रतिवेदन पेश गरेका छु ।

आ.व. २०६८।०६९ मा कोषको खाता कार्यकारी अधिकृत श्री भोजेन्द्र कुमार क्षेत्री तथा श्री टीकदत्त राई र वरिष्ठ अधिकृत श्री गणेश बहादुर क्षेत्रीको संयुक्त दस्तखतबाट संचालन भएको छ । स्थानीय निकायको मेरुदन्ड भनेकै आफ्नै आन्तरीक आय श्रोत हो नगरको विकासको लागि श्रोत साधनको परिचालन गर्दा नगरवासीको हितलाई ध्यानमा राखी जनसहभागीतामा अभिबृद्धि गर्दै विकास प्रकृयालाई संस्थागत रुपमा लैजानु पर्ने अवस्था एकातर्फ छ भने अर्को तर्फ उपलब्ध साधन श्रोतको मितब्ययी तरिकाले अधिकतम सदुपयोग हुनु अनिवार्य छ ।

आन्तरीक लेखापरीक्षणको कममा प्राप्त आय विरणको आधारमा नगरपालिकाले आ.ब. २०६८।०६९ मा आन्तरिक श्रोतबाट रु ३,७७,९३,०००।०० र बाह्य श्रोत, ऋण तथा अनुदान सहयोगबाट रु ११,२८,००,०००।०० गरी कुल रु १५,०५,९३,०००।०० आम्दानी गर्ने लक्ष्य लिएकोमा आन्तरीक श्रोतबाट रु ३,७८,५७,९२२।२६ र बाह्य श्रोत ऋण तथा अनुदानबाट रु ९,४१,३१,३५९।०८ गरी जम्मा रु १३,१९,८९,२८१।३४ आम्दानी भएको देखिन्छ ।

न.पा.ले आन्तरिक श्रोत बाट लक्ष्य भन्दा वढी १००.१७ % आम्दानी गर्न सफल भएको छ । बाह्य श्रोत, ऋण तथा अनुदान सहयोगबाट ८३.४५ % लक्ष्य हाशिल भएको छ । बाह्य श्रोतमा लक्ष्य भन्दा कम हुनुको मुख्य कारण (LGCDP) ले अनुदान कटौती गर्नु रहेको छ ।

आन्तरिक श्रोतको प्रमुख हिस्साको रुपमा रहेको प्रदुषण कर तथा सवारी कर उठाउन नपाउनुको वावजुद लक्ष्य हाँसिल गर्न सफल भएको छ । स्थानिय कर तथा सेवा शुल्कहरुमा उल्लेख्य प्रगती भएको छ । घर जग्गा करमा २०० % भन्दा वढी अशुली भएको छ

वरिष्ठ अधिकृत

। सवारी पार्किङ्ग शुल्कमा १३६.९३ % , व्यवसाय करमा १३७.८४ % अशुली भएको छ । बहाल कर ४९४.१९ % अशुली भएता पनि आन्तरिक श्रोतको महत्वपूर्ण हिस्सा बन्न सक्ने श्रोत लाई परिचालन गर्न सकिएको छैन ।

चालु खर्च तर्फ रु.७१००६५००|०० अनुमान गरिएकोमारु.५८१२९०३३|६१ खर्च भएको देखिन्छ । पूँजीगत खर्च रु ७९५८६५००|०० अनुमान गरिएकोमा रु.६२९३३१३८|१२ खर्च भएको छ । लक्ष्य अनुसार खर्च हुन नसक्नुमा (LGCDP) ले अनुदान कटौती गर्नु , समयमा बजेट निकासा नहुनु जसले गर्दा टेण्डर प्रक्रिया आदिमा ढिलाई भई समयमा कार्य सम्पन्न हुन नसक्नु आदि रहेका छन ।

- विगत लामो समय देखिका विभिन्न व्यक्ति तथा संघ संस्थाको नाममा रहेको पेश्की तथा अन्य बेरुजुहरु फछ्यौटको लागि विशेष पहल गर्नु पर्ने देखिन्छ ।

- व्यवसाय करको बक्यौता अत्याधिक भएको र सोको अनुपातमा अशुली कम देखिएकोले बक्यौतामा रहेका व्यवसायहरु अस्तित्वमा रहे नरहेको एकिन गरी अस्तित्वमा नरहेका व्यवसायहरुको लगत कट्टा गरीनु उपयुक्त हुन्छ । करको दायरामा नआएका पेशा व्यवसायलाई दायरामा ल्याउनु पर्ने , समयमा राजश्व बुझाउनेलाई छुट र समयमा नबुझाउनेलाई जरिवानाको व्यवस्था गरी राजश्व वृद्धि गर्नुपर्ने देखिन्छ ।

- चालु खर्च तर्फको गो. भौ. नं.४८४ , घर भाडा शिर्षक बाट युवराज पौडेललाई चैत्र–आषाढ ४ महिनाको भुक्तानी दिँदा मासिक रु २०००|– दरले ८०००|– दिनु पर्नेमा १२०००|- भुक्तानी भएकोमा बढी भुक्तानी भएको रु ४०००|– अशुल गर्नु पर्ने ।

- दैनिक अशुली भए अनुसारको राजश्वमा बैंक दाखिला घटी बढी गरी दाखिला भएको पाईएकोले उठे अनुसारको वास्तविक रकम बैंक दाखिला गर्नु पर्ने ।

वरिष्ठ अधिकृत

➢ न.पा. लाई आवश्यक पर्ने वस्तु तथा सेवा खरिद गर्दा वस्तु तथा सेवा संग सम्वन्धित फर्म/सेवा प्रदायक संग मात्र खरिद गर्नु पर्ने जसले गर्दा कार्यालयलाई उचित दर रेटमा गुणस्तरिय बस्तु तथा सेवा उपलब्ध हुन सकोस ।

➢ नियमानुसार जि.वि.स. बाट प्राप्त हुनु पर्ने राजश्व वाँडफाडको रकम प्राप्त हुन नसकेको र न.पा.ले अशुल मालपोतको २५ प्रतिशत रकम जि.वि.स. लाई बुझाउनु पर्नेमा सो अनुसार भएको नदेखिएकोले बुझाउनुपर्ने बुझाउने र पाउनु पर्नेमा पहल गर्नु पर्ने देखिन्छ ।

➢ जिन्शी शाखामा रसिद नियन्त्रण खाताको ब्यवस्था गरी आम्दानी र खर्च जनाउनुपर्ने गत विगतका अन्तिम लेखापरीक्षणका सुझाबहरु कार्यान्वयन भएको नदेखिएकोले ब्यवहारमा ल्याउनुपर्ने देखिन्छ ।

➢ टुटेफुटेका तथा पुराना काम नलाग्ने जिन्शी सामानहरु, सवारी साधनहरु , वारुणयन्त्र आदीले अनावश्यक स्थान ओगटेकोले नियमानुसार लिलाम गर्नु पर्ने देखिन्छ ।

➢ नगरपालिकाले आयोजना गरेका तालिम तथा कार्यक्रमहरुमा श्रोत ब्यक्ती तथा सहभागीहरुको लागि भत्ता तथा पारिश्रमीकको एकरुपता नदेखिएकोले स्पष्ट नीति बनाई एकरुपता कायम गर्नु पर्ने देखिन्छ।

➢ सार्वजनिक विकाश निर्माणका कार्यहरु गर्दा पूर्व स्वीकृत नगराई कार्यादेश भन्दा बढीको कार्य सम्पन्न गरी भुक्तनीको लागि पेश गर्ने गरेको पाईएकोले त्यस्ता कार्यहरु निरुत्साहित गर्नु पर्ने देखिन्छ ।

➢ स्थानीय स्वायत्त शासन ऐन तथा नियमको भावना अनुसार स्थानीय विकास निर्माणका कार्यहरुमा स्थानीय उपभोक्ता समिति मार्फत गराउन प्राथमिकता दिनुपर्ने देखिन्छ ।

वरिष्ठ अधिकृत

- विकाश निमार्णका केही आयोजनाहरु (पूँजीगत खर्च खाता गो.भौ.नं.२५९,२६०,३००,३०१) अमानतबाट गरेको देखिन्छ । अमानत बाट गराउनु पर्ने स्पष्ट कारण उल्लेख गरीएको छैन, यस्ता कार्यलाई निरुत्साहित गर्नु पर्ने देखिन्छ ।

- न.पा.र उपभोक्ताको लागत सहभागितामा हुने विकास निर्माणका कार्यहरुको न.पा.मा लागत सहभागिताको रकम आम्दानी बाध्ने नगरेकोले यसको स्पष्ट अभिलेख हुन सकेको छैन । यसलाई बजेटमानै समावेस गरी आम्दानी बाध्नु उपयुक्त हुन्छ ।

विवेक खनाल
वरिष्ठ अधिकृत